नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मं.प.समिति तथा सं.निकाय(शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ४२/०७४
च.नं. : ८१३२

मिति : २०७४।२।३

श्री सचिवज्यू,
वन तथा भू-संरक्षण मन्त्रालय।

मन्त्रिपरिषद्, सामाजिक समितिको मिति २०७४।२।३ मा बसेको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु-

"राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७३ लाई स्वीकृति प्रदान गर्ने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको १८।१-०७४।१।३ को प्रस्ताव मं.प.वै.सं. २-०७४।१।७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार आजको बैठकमा पेश हुँदा प्रस्तावको प्रकरण ४. निर्णय हुनुपर्ने व्यहोराको खण्ड (क) मा प्रस्तावित राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७३ को सट्टा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४ स्वीकृत गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(केदारबहादुर अधिकारी)
सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४

वन ऐन, २०४९ को दफा ६८ बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त योजना सञ्चालन गर्न राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने विषयलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले नेपाल सरकारले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "योजना" भन्नाले राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको रुपमा राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएको सरकारी योजना, निश्चित समयपछि नेपाल सरकारलाई हस्तान्तरण हुने गरी निजी क्षेत्रबाट वा सार्वजनिक निजी साझेदारीमा निर्माण भएको पूर्वाधार सम्बन्धी योजना वा सार्वजनिक उपयोगको बस्तु वा सेवा सम्बन्धी सडक, खानेपानी, विद्युत, खनिज जस्ता ठूला पूर्वाधार निर्माण सम्बन्धी योजना वा नेपाल सरकारले समय समयमा राष्ट्रिय प्राथमिकता प्राप्त राष्ट्रिय गौरवका योजनाको रुपमा तोकेका योजना सम्झनु पर्छ ।

(ख) "वन मन्त्रालय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ ।

३. राष्ट्रिय वन क्षेत्र नपर्ने गरी सम्भाव्यता अध्ययन गर्नु पर्ने : (१) योजनासँग सम्बन्धित मन्त्रालयले योजनाको सम्भाव्यता अध्ययन गर्दा सम्भव भएसम्म राष्ट्रिय वन क्षेत्र नपर्ने गरी सम्भाव्यता र विकल्पहरुको अध्ययन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा राष्ट्रिय वन क्षेत्र नै प्रयोग गर्नु पर्ने भएमा अति आवश्यक पर्ने न्यूनतम वन क्षेत्र मात्र प्रयोग गर्ने वा न्यूनतम रुख बिरुवा हटाउनु पर्ने विकल्पको छनौट गर्नु पर्नेछ ।

४. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्ने : (१) दफा ३ बमोजिमको अध्ययनबाट योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नु पर्ने देखिएमा योजनासँग सम्बन्धित मन्त्रालयले त्यस्ता योजना कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावका

सम्बन्धमा प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावलीबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावलीबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन आवश्यक नपर्ने साना योजनाको हकमा सम्बन्धित मन्त्रालयले वन मन्त्रालयले तोकेको ढाँचामा स्थलगत सर्वेक्षण गरी योजना कार्यान्वयन गर्दा वातावरणमा प्रभाव पर्ने वा नपर्ने विषयमा यकिन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गरिएको सर्वेक्षणबाट योजना कार्यान्वयन गर्दा वातावरणमा प्रभाव पर्ने देखिएमा सम्बन्धित मन्त्रालयले क्षति न्यूनीकरणका आवश्यक उपायहरु (मिटिगेशन मिजर्स) समेत समावेश भएको वातावरणीय ब्यवस्थापन योजना सहितको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(४) योजनाको लागि राष्ट्रिय वन प्रयोग गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले प्रचलित कानूनबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन स्वीकृत गर्नु अघि सम्बन्धित मन्त्रालयले सो विषयमा वन मन्त्रालयको सहमति लिनु पर्नेछ ।

५. <u>राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति माग गर्ने</u> : (१) दफा ३ बमोजिम सम्भाव्यता र विकल्पहरूको अध्ययन गर्दा योजना सञ्चालन गर्न राष्ट्रिय वन क्षेत्र नै आवश्यक पर्ने भएमा योजनासँग सम्बन्धित मन्त्रालयले त्यस्तो राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने स्वीकृतिको लागि देहायबमोजिमका विवरण तथा कागजात संलग्न गरी वन मन्त्रालयमा लेखी पठाउनु पर्नेछ :–

(क) राष्ट्रिय वन क्षेत्र आवश्यक पर्ने तथ्यपरक कारण र औचित्य,

(ख) कुनै निकायबाट अनुमतिपत्र जारी भएको योजना भए त्यस्तो अनुमतिपत्रको प्रतिलिपि,

(ग) योजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) लगायतका स्वीकृत कार्यक्रमसम्बन्धी कागजातहरु,

(घ) दफा ३ बमोजिमको सम्भाव्यता र विकल्प अध्ययन प्रतिवेदन,

(ङ) दफा ४ को उपदफा (१) वा (३) बमोजिम तयार गरिएका प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने स्वीकृतिका लागि लेखी पठाउँदा त्यस्तो योजना राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको रुपमा रहेको र सो योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न आवश्यक रहेको भन्ने पुष्टी हुने कागजात संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त कागजात अध्ययन गर्दा प्रस्तावित योजनामा कुनै कुरा परिमार्जन गर्दा कम वन क्षेत्र प्रयोग हुने वा कम रुख कटान गर्नुपर्ने देखिएमा वन मन्त्रालयले सम्बन्धित मन्त्रालयलाई सो व्यहोरा खुलाई पुनर्विचारका लागि लेखी पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम वन मन्त्रालयबाट लेखी आएमा सम्बन्धित मन्त्रालयले योजनाको लागत र प्रतिफलसमेतका आधारमा सो कुरा उपर विचार गरी आवश्यकता अनुसार योजना परिमार्जन गरी राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने स्वीकृतिका लागि वन मन्त्रालयमा लेखी पठाउनेछ ।

६. <u>जिल्ला वन कार्यालयमा पठाउने</u> : (१) दफा ५ बमोजिम कुनै योजनाको लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्ने स्वीकृतिको लागि लेखी आएमा वन मन्त्रालयले देहायका विवरण सहितका कागजात पठाउन वन विभागमार्फत सम्बन्धित जिल्ला वन कार्यालयमा लेखी पठाउनेछ :–

(क) योजनालाई प्रयोग गर्न दिनु पर्ने राष्ट्रिय वन क्षेत्रको स्थलगत विवरण, क्षेत्रफल, चारकिल्ला र जिपिएस कोर्डिनेट खुलेको नापनक्सा,

(ख) वन नियमावली, २०५१ को अनुसूची–७ बमोजिम योजना कार्यान्वयन गर्दा प्रयोग हुने राष्ट्रिय वन क्षेत्रबाट हटाउनु पर्ने रुख बिरुवाहरुको लगत सहितको विवरण ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित वन कार्यालयले नब्बे दिनभित्र त्यस्तो विवरण सहितको कागजात वन विभागमार्फत वन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) कुनै योजनाको लागि माग भएको राष्ट्रिय वन क्षेत्र समुदायमा आधारित उपभोक्ता समूहबाट ब्यवस्थापन भई रहेको राष्ट्रिय वन क्षेत्र भएमा जिल्ला वन कार्यालयले त्यस्तो समूहले दिएको सहमति समेत वन विभाग मार्फत वन मन्त्रालयमा पठाउनु पर्नेछ ।

७. <u>नेपाल सरकारले स्वीकृति दिने</u> : (१) दफा ६ बमोजिम प्राप्त भएको विवरण सहितको कागजात जाँचबुझ गर्दा योजना कार्यान्वयनको लागि कुनै राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न आवश्यक र उपयुक्त देखिएमा वन मन्त्रालयले स्वीकृतिको लागि नेपाल सरकारसमक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव जाँचबुझ गर्दा मनासिब देखिएमा नेपाल सरकारले योजनाको लागि प्रस्तावित राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न र त्यस्तो क्षेत्रबाट रुख विरुवा तथा अन्य वनपैदावार हटाउनु पर्ने भएमा सो समेत हटाउन स्वीकृति दिनेछ ।

८. <u>सट्टाभर्ना स्वरुप जग्गा उपलब्ध गराउनु पर्ने</u> : (१) मुनाफा कमाउने उद्देश्यले कार्यान्वयन हुने योजनाको लागि वन क्षेत्रको भू-उपयोग स्थायी रुपमा परिवर्तन हुने गरी राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग हुने भएमा योजनाले त्यस्तो संरचनाले ओगट्ने क्षेत्रफल बराबरको जग्गा दफा १३ बमोजिम

सम्झौता गरेपछि तत्काल र त्यसरी तत्काल उपलब्ध हुन नसक्ने मनासिब कारण भएमा सम्झौता गरेको मितिले एक वर्षभित्र नेपाल सरकारलाई सट्टाभर्ना स्वरुप उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सट्टाभर्ना स्वरुप उपलब्ध गराउने जग्गा योजना रहेको ठाउँबाट सबैभन्दा नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको र सम्भव भएसम्म समान भू-वनोट भएको र भौगोलिक क्षेत्रमा रहेको तथा वनको विकास गर्न सकिने स्थानमा हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सट्टा भर्ना स्वरुप जग्गा उपलब्ध नगराएसम्म त्यस्तो योजनाले राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न सक्ने छैन ।

९. वन क्षेत्र प्रयोग गरे वापत रकम बुझाउन सक्ने : (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र वा सम्झौताको अवधि समाप्त भएपछि बिना शर्त निःशुल्क रुपमा नेपाल सरकारमा हस्तान्तरण हुने योजनाले योजनाको लागि प्रयोग हुने क्षेत्रफल बराबरको जग्गा योजना रहेको ठाउँ नजिक सम्पूर्ण वा केही सट्टाभर्ना गराउन नसक्ने भएमा सोही व्यहोरा उल्लेख गरी सट्टाभर्ना गराउन नसकेको जग्गा वापत वन मन्त्रालयबाट जारी भएको मापदण्डबमोजिम निर्धारण हुने रकम उपलब्ध गराउने स्वीकृतिको लागि वन मन्त्रालयमा निवेदन दिन सक्नेछ ।

(२) यो कार्यविधि लागू हुनु अघि सट्टाभर्ना स्वरुप जग्गा उपलब्ध गराउने गरी नेपाल सरकारबाट निर्णय भएका जलविद्युत योजनाले हालसम्म पनि सट्टाभर्ना स्वरुप जग्गा उपलब्ध गराउन नसकेको र त्यस्तो योजनाले रकम बुझाउन सक्ने भएमा सोही व्यहोरा उल्लेख गरी सट्टाभर्ना गराउन नसकेको जग्गा वापत वन मन्त्रालयबाट जारी भएको मापदण्डबमोजिम निर्धारण हुने रकम उपलब्ध गराउने स्वीकृतिको लागि वन मन्त्रालयमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त भएको निवेदन सहितको प्रतिवेदनको व्यहोरा जाँचबुझ गर्दा मनासिब देखिएमा वन मन्त्रालयले राष्ट्रिय वन क्षेत्र वापत रकम लिने स्वीकृतिका लागि नेपाल सरकारसमक्ष प्रस्ताव पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिमनेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नुपूर्व वन मन्त्रालयले यस दफा बमोजिमका योजनाको हकमा वन विभाग मार्फत सम्बन्धित वन कार्यालयको सिफारिससमेत लिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम प्राप्त प्रस्ताव जाँचबुझ गर्दा मनासिब देखिएमा नेपाल सरकारले योजनाले सट्टाभर्ना गर्न नसकेको जग्गा वापत रकम बुझाउने गरी स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (४) बमोजिम रकम बुझाउन पाउने भएमा योजनाले त्यस्तो रकम नेपाल सरकारको राजश्व खातामा दाखिला गर्नु पर्नेछ ।

(७) यस दफाबमोजिम दाखिला भएको रकमलाई आधार मानी वन मन्त्रालयले हरेक आर्थिक वर्षमा हैसियत बिग्रेको वन क्षेत्रको पुर्नस्थापना गर्ने, वन क्षेत्रको अतिक्रमण हटाई पुनर्स्थापना एवं बृक्षारोपण गर्ने, बनको संरक्षण, व्यवस्थापन र विकास गर्ने लगायतका कार्यको लागि कार्यक्रम बनाई अर्थ मन्त्रालयमा पेश गर्नेछ र अर्थ मन्त्रालयले त्यस्तो कार्यक्रमको आधारमा रकम विनियोजन गरी वन मन्त्रालयलाई निकासा दिनेछ ।

१०. <u>वन पैदावार व्यवस्थापन तथा बृक्षारोपण गर्नु पर्ने</u> : (१) योजना कार्यान्वयन गर्न राष्ट्रिय वन क्षेत्र प्रयोग गरी रुख बिरुवा कटान गरी हटाउन दफा ७ बमोजिम स्वीकृति पाएपछि योजनाले उक्त रुख बिरुवाहरु आफ्नै लागत खर्चमा कटान, मुछान र घाटगद्दी गरी सम्बन्धित वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) योजना कार्यान्वयन गर्न राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गरे बापत दफा ८ बमोजिम सट्टाभर्ना दिएको जग्गामा र योजना कार्यान्वयन गर्न प्रयोग भई सट्टाभर्ना नभएको जग्गा बराबरको वन कार्यालयले तोकेको जग्गामा वन मन्त्रालयको स्वीकृत मापदण्ड (नर्म्स) बमोजिम योजनाले बृक्षारोपण गर्नु पर्नेछ ।

(३) योजना कार्यान्वयन गर्दा रुखबिरुवा कटान हुने भएमा त्यस्तो रुखविरुवाको पच्चीस गुणाको दरले सम्बन्धित वन कार्यालयले तोकेको जग्गामा योजनाले बृक्षारोपण गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम वृक्षारोपण गरेको रुखबिरुवाको पाँच वर्षसम्म सम्बन्धित योजनाले वन कार्यालयको समन्वयमा स्याहार, सम्भार र रेखदेख गर्नु पर्नेछ र पाँच वर्षपछि त्यस्ता रुख बिरुवा सम्बन्धित वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(५) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बृक्षारोपण गर्न, स्याहार, सम्भार वा रेखदेख गर्न नसक्ने योजनाले सम्बन्धित वन कार्यालयको समन्वयमा सो को लागि लाग्ने खर्च यकिन गरी सो बराबरको रकम सम्बन्धित वन कार्यालयलाई उपलब्ध गराउन सक्नेछ । त्यसरी रकम उपलब्ध गराएकोमा वन कार्यालयले सोही रकमबाट बृक्षारोपण, स्याहार, सम्भार वा रेखदेख गर्नु पर्नेछ ।

११. <u>अस्थायी रुपमा राष्ट्रिय वन क्षेत्र प्रयोग गरे बापतको दस्तुर सम्बन्धी व्यवस्था</u> : अस्थायी रूपमा राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने योजनाले वन नियमावली, २०५१ को अनुसूची -२० मा कबुलियती वनको लागि तोकिएको दस्तुर बराबरको रकम सङ्घीय सञ्चित कोषमा जम्मा हुने गरी हरेक वर्ष बुझाउनु पर्नेछ ।

तर,–

(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृत बजेट र पूर्ण आन्तरिक स्रोतबाट सञ्चालन हुने सरकारी योजनाको हकमा यस्तो दस्तुर लाग्ने छैन ।

(२) मुनाफा आर्जन नगर्ने उद्देश्यले सञ्चालित योजनाको लागि नेपाल सरकारले यस दफा बमोजिमको दस्तुर नलाग्ने गरी छुट दिन सक्नेछ ।

१२. क्षति न्यूनीकरणका उपाय अपनाउनु पर्ने : (१) योजना कार्यान्वयन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको क्षति न्यूनीकरणका उपायहरु योजनाले अनिवार्य रुपमा अवलम्बन गर्नु पर्नेछ । त्यस्तो उपाय अवलम्बन गर्न लागेको खर्च योजना आफैले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षति न्यूनिकरणका उपायहरु अवलम्बन गरे नगरेको विषयमा जनसङ्ख्या तथा वातावरण मन्त्रालयले वन मन्त्रालयसँग समन्वय गरी अनुगमन गर्न र सुधारका लागि आवश्यक सुझाव दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको सुझावको पालना गर्नु त्यस्तो योजनाको कर्तव्य हुनेछ ।

१३. सम्झौता गर्ने : (१) योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने गरी नेपाल सरकारले स्वीकृति दिएपछि सम्बन्धित योजनाले राष्ट्रिय वन क्षेत्र प्रयोग गर्दा पालना गर्ने शर्तहरु समेत उल्लेख गरी वन विभागले त्यस्तो योजनासँग सम्झौता गर्नु पर्नेछ ।

(२) योजनाले राष्ट्रिय वन क्षेत्र प्रयोग गर्दा उपदफा (१) बमोजिमको सम्झौताको अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(३) वन मन्त्रालय आफैले वा अन्तर्गतका कार्यालयबाट उपदफा (१) बमोजिमको सम्झौताको पालना भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउनेछ ।

(४) कुनै योजनाले सम्झौताका शर्तहरु पालना नगरेमा वन मन्त्रालयले अवधि तोकी त्यस्तो शर्त पालना गर्न सम्बन्धित योजनालाई निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु त्यस्तो योजनाको कर्तव्य हुनेछ ।

(५) कुनै योजनाले सम्झौताका शर्त वा उपदफा (४) बमोजिम दिएको निर्देशनको पालना नगरेमा वन मन्त्रालयले त्यस्तो योजनाले प्रयोग गरेको राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नबाट रोक लगाउन वा राष्ट्रिय वन क्षेत्र अतिक्रमण गरेको आधारमा प्रचलित कानून बमोजिम सजाय गर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिन सक्नेछ ।

१४. निर्देशन दिन सक्ने : (१) वन मन्त्रालयले वन क्षेत्र प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित योजनालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित योजनाको कर्तव्य हुनेछ।

१५. खारेजी र बचाउः (१) वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ खारेज गरिएको छ ।

(२) वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।